# स्थानीय राजपत्र

## याङवरक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७)        थर्पु, पाँचथर        असार १२ गते, २०८० साल        (संख्या २


# भाग २

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको बैठक संख्या ८८-१७-२०७९/०८० मिति २०८०/०२/२३ को बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०८० सालको कार्यविधि संख्या-२**

### लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८०

**प्रस्तावना :** समाजमा बढ्दै गईरहेको लैंगिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वान्छनीय देखिएकोले नेपाल सरकारको लैगिक हिंसा निवारण कोष सञ्चालन (दोस्रो संशोधन) नियमावली २०७६ को नियम ३ (ख) बमोजिम स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी याङवरक गाउँकार्यपालिकाको मिति २०८०/०२/२३ को बैठकले यो कार्यविधि निर्माण गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८० रहेको छ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिकालाई सम्झनु पर्छ।

ख) "कार्यालय" भन्नाले याङवरक गाउँ कार्यपालिकाको कार्यलय सम्झनु पर्दछ।

ग) "कोष" भन्नाले दफा ३ बमोजिमको लैँगिक हिँसा निवारण कोष सम्झनु पर्दछ।

घ) "पीडित" भन्नाले लैँगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ।

ङ) "लैंगिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घर परिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायतका लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्दछ।

च) "राहत तथा उद्धार समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

**३. कोषको स्थापना :** (१) गाउँपालिकाले आफ्नो कार्यसञ्चालन कोषमा "लैंगिक हिंसा निवारण कोष" नामको छुट्टै एक कोष स्थापना गर्नेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्।

क) याङवरक गाउँपालिकाबाट प्राप्त रकम,

ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

घ) संघ वा प्रदेश सरकारबाट हस्तान्तरित रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**४. कोषमा रकम जम्मा गर्ने :** (१) लैंगिक हिंसा पीडित व्यक्तिको संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ।

क) तत्काल उद्धार गर्न,

ख) औषधि उपचार गर्न,

ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

ङ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

च) पुनर्स्थापनाका लागि सहयोग पुर्‍याउन,

छ) पिडितको लागि राहत तथा उद्धार समितिले तोके बमोजिमको अन्य काममा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि राहत तथा उद्धार समितिले लैंगिक हिंसाबाट पीडित महिला, बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाको प्रभावका

कारण मानसिक रोगी भई सडकमा आएको प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ।

६. **कोषको रकम अन्य कार्यमा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरो लेखिएको भएतापनि राहत तथा उद्धार समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

७. **रकम उपलब्ध गराउने :** पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि राहत तथा उद्धार समितिको बैठकको निर्णय सहित पेश भएका कागजातका आधारमा कोषबाट रकम निकाशा दिईनेछ।

८. **राहत तथा उद्धार समितिको गठन :** (१) पीडितलाई राहत वितरण तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतका लागि देहाय बमोजिमको राहत तथा उद्धार समिति रहनेछ।

क) गाउँपालिकाको उपाध्यक्ष - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

छ) ईलाका प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

ज) स्थानीय तहमा लैंगिक हिंसा निवारणको क्षेत्रमा गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना - सदस्य

झ) महिला, बालबाबालिका तथा समाज कल्याण इकाई प्रमुख - सदस्य सचिव

९. **राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार :** (१) राहत तथा उद्धार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) पीडितलाई राहत उपलब्ध गरउने,

ख) पीडितलाई उद्धार गर्नु पर्ने भएमा हिंशा भएको घटनास्थलबाट सुरक्षित स्थलमा पुर्याउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

ग) स्थानीय तहमा लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैंगिक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,

१०. **कोषको खाता सञ्चालन :** (१) कोषको खाता गाउँपालिकाको कार्य सञ्चालन कोषमा छुट्टै शिर्षक बनाई कार्य सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा हुने तथा खर्च भएको रकमको विवरण छुट्टै लेजर राखि हिसाव राख्नु पर्नेछ। कार्य सञ्चालन कोषमा अन्य रकम जम्मा भएता पनि लैङ्गिक हिंसा निवारणको लागि प्राप्त भएको रकम र खर्च भएको रकमको हिसाव विवरण छुट्टै राख्नु पर्नेछ।

**११. राहत तथा उद्धार सहयोग उपलव्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा उद्धार कार्यमा सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ।

क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधनको प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत वापत प्रति दिन ५००।- (पाँच सय) रूपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रति दिन १,०००।- (एक हजार) का दरले बढीमा ५,०००।- (पाँच हजार) रूपैयाँ,

ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन ५००।- (पाँच सय) रूपैयाँ, अस्पताल बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढिमा तिन दिनको लागि बास खर्च वापत प्रतिदिन १०००।- (एक हजार) रूपैयाँ र उपचार खर्च समेत गरी बढीमा १०, ०००।- (दश हजार) रूपैयाँ,

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि ५,०००।- (पाँच हजार) नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि विउ पूँजिको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढिमा रु. २०,०००।- (वीस हजार) रूपैयाँ,

ङ) पुनर्स्थापनाको लागि बढीमा ५०००।- (पाँच हजार) रूपैयाँ,

च) राहत तथा उद्धार समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा १००००।-(दश हजार) रूपैयाँ,

**१२. राहत तथा उद्धार कार्यमा सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने**: (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित अनुसुची-१ बमोजिमको ढाँचामा राहत तथा उद्धार समिति समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक समितिले दफा ११ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनु पर्नेछ।

**१३. तत्काल रकम उपलव्ध गराउन सक्ने**: (१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा राहत तथा उद्धार समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट रु १०,०००।- (दश हजार) नबढ्ने गरी मनासीव रकम सम्वन्धित पिडितलाई उपलव्ध गराउन सक्नेछ।

२) उपदफा (१) वमोजिमको अवस्था परी राहत तथा उद्धार समितिको अध्यक्षबाट रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने राहत तथा उद्धार समितिको वैठकमा सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१४. कोषको लेखा र लेखा परिक्षण**: (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ।

(२) कोषको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुने छ।

**१५. प्रतिवेदन पेश गर्ने**: (१) समितिबाट भए, गरेका कार्वाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र शाखाले गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ। साथै सो प्रतिवेदन केन्द्रिय तत्काल उद्धार तथा राहत समिति तथा प्रदेश तत्काल उद्धार तथा राहत समिति समक्ष पठाउनु पर्नेछ।

(२) गाउँपालिकाले दफा (१) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्नु छ।

(३) महिला बालवालिक तथा समाज कल्याण इकाईले राहत तथा आर्थिक सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण अनुसूची -२ बमोजिमको ढाँचामा राख्नु पर्ने छ।

**१७. वैठक भत्ता**: (१) राहत तथा उद्धार समितिका अध्यक्ष वा सदस्यले सो समितिको वैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन।

**१८. निर्देशन**: (१) कार्यपालिकाले राहत तथा उद्धार समितिको काम कारवाहिको सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु राहत तथा उद्धार समितिको कर्तव्य हुनेछ।

**१९. कार्यविधिमा संशोधन र व्याख्या: (**१) यो कार्यविधिमा उल्लेख भएका विषयहरुमा थप व्याख्या र संशोधन र हेरफेर गर्नु परेमा कार्यपालिकाबाट गर्न सकिनेछ।

अनुसूची - १

**(दफा (१२) को उपदफा (१) संग सम्बन्धित)**

मितिः-

श्री अध्यक्षज्यू,
राहत तथा उद्धार समिति,
याङवरक गाउँपालिका।

**विषयः- सहयोग उपलब्ध गराई पाउँ।**

प्रस्तुत विषयमा याङवरक गाउँपालिका वडा नं. .... मा बस्ने वर्ष......को म ....................... मिति .................... मा मेरो ............. नाताको श्री ................................ बाट लैंगिक हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म माथि लैंगिक हिंसा ( ............................ भएको कारणबाट मेरो मानसिक/शारीरिक अवस्था कमजोर भई अशक्त रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/अन्य .................. ............................. कामको लागि सहयोगको आवश्यकता परेको हुंदा स्थानीय लैंगिक हिंसा कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदककोः

१. नाम, थर...........................
२. ठेगाना..............................
३. दस्तखत...........................
४. मिति................................

अनुसूची - २

(दफा (१५) को उपदफा (३) संग सम्बन्धित)

**राहत तथा आर्थिक सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको अभिलेखको ढाँचा**

**आ.व.:** **महिना :**

| क्र.स. | नामथर | ठेगाना | ना.प्र.नं. | सम्पर्क नं. | हिंसाको प्रकार | घटना भएको मिति | निर्णय भएको मिति | राहत तथा आर्थिक सहयोग उपलब्ध गराइएको रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

पेश गर्ने प्रमाणीत गर्ने

**प्रमाणीकरण मिति: २०८०/०२/२८ गते**

आज्ञाले
सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत